# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमती प्रदेश, नेपाल**

## मिति २०८२।०६।२३ गते बसेको ७३ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) मिति २०८२/०५/३१ गतेको ७२ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा समिक्षा गरियो ।

२) आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२।०६।२२ गतेसम्म कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी १७.८३ प्रतिशत अर्थात रु.५१,७१,७७,११६।७८ आम्दानी गरिएको र कुल अनुमान गरिएको व्यय तर्फ ८.७४ प्रतिशत अर्थात रु.१५,३१,२८,९७८।५३ खर्च भएको आय व्ययको विवरण जानकारी भयो ।

३) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भई उपमहानगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको पुनः निर्माण गर्नका लागि प्राविधिकबाट प्राप्त हुने प्रतिवेदनलाई आधार मानी पुनः निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी पूर्वाधार विकास समितिले आवश्यक छलफल गरी पुनः निर्माण प्रकृया अगाडि बढाउने ।

४) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा प्रदेश सरकारको प्रदेश सभा सञ्चालन गर्ने भवन पूर्ण रुपमा क्षती भई हेटौंडा उपमहानगरपालिकाको परिसर भित्र रहेको प्रदेश सरकारबाट निर्माण भएको सभा हलमा अर्को व्यवस्था नभए सम्मको लागि प्रदेश सभा सञ्चालन गर्न माग भई आएकोले उक्त हलमा प्रदेश सभा सञ्चलान गर्न अनुमति दिने । साथै अर्को व्यवस्था भए पश्चात उक्त सभा हल उपमहानगरपालिकालाई हस्तान्तरण हुने व्यवस्था समेत गर्ने ।

५) जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको अनुमति तथा सहमतिमा गत जेष्ठमा तोकिएको स्थानहरुबाट उत्खनन् र संकलन गरिएको नदिजन्य पदार्थको परिमाण राजस्व व्यवस्थापन शाखा प्रमुख श्री मनोज कुमार सुवेदीको संयोजकत्वमा विभिन्न निकायमा प्राविधिक प्रतिनिधिहरु सम्मिलित गठित समितिले पेश गरेको परिमाणसँग सम्वन्धित प्रतिवेदनलाई मिति २०८२।०६।२३ गते राजस्व परामर्श समितिको बैठकबाट स्वीकृत भएको परिमाण अनुमोदन गर्ने ।

६) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा कार्यालयमा आगजनी र तोडफोड भई जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको अनुमति तथा सहमतिमा तोकिएका स्थानहरुबाट उत्खनन् र ढुवानी गर्न तयार गरिएको पाठक बिल्डर्स एण्ड सप्लायर्स हेटौंडा-९ सँग भएको खरिद प्रक्रियाको सम्झौता लगायत सम्पूर्ण कागजातहरु नष्ट भएको हुँदा प्रचलित ऐन, कानून बमोजिम उत्खनन्, संकलन र ढुवानी खर्च समेत थप गरी प्रक्रिया पुन्याई बोलपत्र आहान गर्नको लागि राजस्व परामर्श समितिको मिति २०८२।०६।२३ गतेको बैठकबाट सिफारिस भएको हुँदा प्रचलित कानूनको परिधिभित्र रही बोलपत्रको प्रकृया अगाडि बढाउने ।

७) बागमती प्रदेश सरकारबाट जारी भएको आर्थिक ऐन, २०८२ को दफा ९ र हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको आर्थिक ऐन, २०८२ को दफा २३ बमोजिम नदिजन्य पदार्थहरुको परिमाण बमोजिम शुल्क लिई राजस्व संकलन गर्ने राजस्व परामर्श समितिको मिति २०८२।०६।२३ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

८। उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएको सबै क्रसर र बालुवा उद्योगमा गत आर्थिक वर्ष २०८१/८२ को नदिजन्य पदार्थको मौज्दात विवरण माग गरी कार्यालयबाट स्थलगत रुपमा अनुगमन निरीक्षण र नापजाँच समेत भई प्रतिवेदन प्राप्त भएको हुँदा उक्त स्टक प्रमाणित गरी नदिजन्य पदार्थहरुको बिक्री खुल्ला गर्ने मिति २०८२।०६।२३ गतेको राजस्व परामर्श समितिको निर्णय अनुमोदन गरी जिल्ला समन्वय समिति मकवानपुरमा पेश गर्ने ।

९। अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२/०६/०७ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०८२/०६/०८ गतेको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा भएको परिपत्रमा उल्लेखित विषयहरु कार्यान्वयन गर्ने ।

१०। उपमहानगरपालिकाको दैनिक फोहर संकलन र व्यवस्थापन सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार फोहर व्यवस्थापनको कार्य गर्दै आइरहेको साझेदार संस्था ग्रीन एण्ड क्लिन सिटी सर्भिस प्रा.लि.मकवानपुरसँगको सहकार्यमा शुल्कमा आधारित घरदैलो फोहर संकलन गर्ने सेवाको म्याद मिति २०८२ साल मंसिर मसान्तसम्म भएको हुँदा उपमहानगरपालिका क्षेत्रमा उत्पादन हुने फोहर संकलन तथा व्यवस्थापन गर्नको लागि वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत कार्यक्षेत्रगत सर्त TOR तयार गरी प्रचलित कानून बमोजिम बोलपत्रको प्रकृया अगाडि बढाउने ।

११। मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भई उपमहानगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको पुनः निर्माण गर्नु पर्ने भएकोले मिति २०८२ साल आषाढ २७ गते स्वीकृत गरिएको रु.२ अर्ब ९० करोड ३ लाख १० हजार आय-व्यय बजेट अनुमान बजेट तर्जुमा समिति मार्फत पुनरावलोकनको प्रस्ताव तयार पारी बजेट संशधनको प्रकृया अगाडि बढाउने ।

१२। जिल्ला दररेटसमेतलाई आधार मानी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को लागि कार्यान्वयन गर्ने गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएको दररेट विश्लेषण स्वीकृत गर्ने ।

१३। हेटौंडा उपमहानगरपालिका अन्तर्गत सञ्चालित महिलामैत्री सहर परियोजनाको लागि सम्बन्धित वडा कार्यालयबाट भएको सिफारिस तथाUNOPS द्वारा गरिएको सामुदायिक नक्साङ्कन र खुला क्षेत्र पहिचान समेतको आधारमा देहायमा उल्लेखित प्राथमिकताको आधारमा महिलामैत्री पार्क निर्माण गर्न छनोट गर्ने:

<u>देहाय:</u>

(क) हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा अवस्थित हुप्रचौर,

(ख) हेटौंडा उपमहानगरपालिका वडा नं.१० मा भुटनदेवी सामुदायिक वन क्षेत्रको खुला स्थान,

(ग) हेटौंडा उपमहानगरपालिका वडा नं. ८ स्थित ओमनगर चौर,

(घ) हेटौंडा उपमहानगरपालिका वडा नं. ८ स्थित मनकामना टोल चिल्ड्रेन पार्क ।

ललित न्यौपाने
(प्रवक्ता)

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

१४) मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा भएको जेनजी आन्दोलनको क्रममा हेटौंडा उपमहानगरपालिका, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका सेवा केन्द्रहरुमा तोडफोड र आगजनी भई भएको क्षती रु.३२ करोड ६५ लाख ५५ हजार १ सय ६८ क्षती मूल्याङ्कन समितिवाट पेश भएको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने । साथै उक्त आन्दोलनमा जलेर, तोडफोड भएर नष्ट भएका तथा हराएर उपयोगमा आउन नसक्ने कागजात, उपकरण तथा जिन्सी सामग्रीको लगत कट्टा गर्ने र उपयोगमा नआउने बाँकी सामग्री प्रचलित कानूनको परिधिभित्र रही लिलाम प्रकृया अगाडि बढाउने ।

१५) सौर्य कृषि कम्पनी लि., हेटौंडा-१९ ले मिति २०८२।०५।३० गते प्रदेश आर्थिक ऐन, २०८२ को दफा २ बमोजिमको अनुसूची-१ को (घ) (२) बमोजिमको उद्योगले आफ्नो उद्योगको नाममा जग्गा लिखत पारित गर्दा ५० प्रतिशत छुटको व्यवस्था गरेको हुँदा सो छुटको लागि सम्वन्धित वडा कार्यालयको सिफारिस सहित सिफारिस माग भई आएको सन्दर्भमा प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ बमोजिम अनुसूची-१ को (घ)(२) बमोजिम हुने गरी उद्योगको नाममा जग्गाको लिखत पारित गर्न रजिष्ट्रेशन दस्तुर छुटको लागि सिफारिस गर्ने ।

१६) हेटौंडा उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यालयको कार्यबोझको आधारमा पुनरावलोकन गरी आवश्यकता र औचित्यतालाई मध्य नजर गरी पुनरावलोकन गरी पेश गर्न संस्थागत विकास तथा सेवा प्रवाह समितिलाई निर्देशन दिने । साथै शिक्षा विकास महाशाखाबाट पेश भएको दरवन्दी मिलान सम्वन्धी कार्यविधि, २०८२ उपर थप अध्ययन गरी पेश गर्ने समेत उक्त समितिलाई निर्देशन दिने ।

८२।६।२४

सबिन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८२/०६/२४